नेपाल रेडक्रस सोसाइटी
केन्द्रीय कार्यालय

रेडक्रस मार्ग कालीमाटी, काठमाडौं, नेपाल
पो.ब.नं. २१७
फोन: +९७७-१-५३७०६५०, ५३७२७६१
फ्याक्स: +९७७-१-४२७१९१५
इमेल: nrcs@nrcs.org, info@nrcs.org
वेवसाइट: www.nrcs.org
नि:शुल्क हटलाइन सेवा:११३०

पत्र सं. २०३/०८०/०८१

मिति : २०८० भदौ ४ गते

श्री केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू,
सबै प्रदेश समितिहरू र जिल्ला शाखा समितिहरू
नेपाल रेडक्रस सोसाइटी ।

**विषय : केन्द्रीय सभाको वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा नेपाल रेडक्रस सोसाइटीको प्रचलित विधानबमोजिम प्रदेश तथा जिल्ला कार्यसमितिको निर्णयानुसार पठाएका प्रतिनिधि/सभासद्हरूको उपस्थिति भै २०८० साउन १ र २ गते सम्पन्न निर्वाचनबाट प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा ३३ सदस्यीय केन्द्रीय कार्यसमितिको निर्वाचन भएको छ ।

यस केन्द्रीय कार्यसमितिले मिति २०८० साउन ३ र ४ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकको निर्णयानुसार २०८० भदौ ८ र ९ गते राष्ट्रिय तालिम केन्द्र, बनेपामा केन्द्रीय सभाको वार्षिक साधारण सभा आयोजनाको सम्पूर्ण तयारी पूरा भएको छ । केन्द्रीय कार्यसमितिको विधिवत निर्वाचन भएपछि विगत केही वर्षदेखि रोकिएको लेखापरीक्षण सम्पन्न गर्न, वार्षिक रुपमा वार्षिक साधारण सभा गर्न, संस्था दर्ता नवीकरण गर्ने जस्ता वैधानिक दायित्व पूरा गर्न, विपद् प्रतिकार्य, रक्तसञ्चार, एम्बुलेन्स सेवालगायतको क्षेत्रमा क्रियाशील भैरहेको छ ।

यसै सन्दर्भमा पूर्व केकासको पदाधिकारीको नामबाट वार्षिक साधारण सभाका विषयमा भ्रामक सूचना प्रसारित गरी संस्थालाई थप विवादित बनाउन खोजिएको प्रति गम्भिर ध्यान आकर्षण भएको छ । तसर्थ, सोको विषयमा आवश्यक कानुनी कार्यवाही समेत अगाडि बढीरहेको छ ।

तसर्थ, यस प्रकारको भ्रममा नपरी तोकिएको समयमा वार्षिक साधारण सभामा सहभागी हुन सबै केन्द्रीय कार्यसमिति, प्रदेश समिति र जिल्ला कार्यसमितिहरूमा हार्दिक आह्वान गर्दछौं ।

सधन्यवाद,

भवदीय,

(भूपतिलाल श्रेष्ठ)
महामन्त्री